# रामग्राम स्तूप र अस्थीधातुसँग सम्बन्धित बौद्ध पर्यटन

https://doi.org/10.3126/lumbinip.v11i01.93820

इन्द्र प्रसाद काफ्ले*

*Submitted: 30 January, 2026 || Reviewed: 14 March, 2026 || Revised: 3 April, 2026*


## शोधसार

*शाक्यमुनि बुद्धको भौतिक उपस्थितिको स्मारक रामग्राम स्तूपले प्राज्ञिक जगतको ध्यान आकृष्ट गरिरहेको पाइन्छ । बौद्ध परम्परामा शरीर-धातुको दर्शनलाई सार्वकालिक, सार्वजनीन पुण्य आर्जन गर्ने पवित्र आलम्वन मानिन्छ । त्यसकारण यो स्तूपको आध्यात्मिक महत्वलाई बौद्ध परम्परा र साहित्यले ठूलो महत्वका साथ उठान गरेको पाइन्छ । रामग्राम स्तूप र यसका बहुआयामिक पक्षहरूलाई बौद्ध प्राज्ञिक व्याख्या प्रणालीबाट आजसम्म पनि अध्ययनको विषयवस्तु बनाइएको देखिँदैन । बुद्धहरूको शरीर-धातुको आध्यात्मिक महत्वका सन्दर्भमा बौद्ध सूत्र, शास्त्रजस्ता आगम परम्परा र शरीर-धातुलाई आलम्वन बनाएर ध्यान गरिने अधिगम परम्परालाई प्राज्ञिक बहसको विषय बनाएर रामग्रामको प्राज्ञिक उत्खनन् भएको पाइँदैन । यो अनुसन्धानमा त्यो प्राज्ञिक रिक्ततालाई सम्बोधन गर्ने लक्ष्य राखिएको छ । पालि साहित्यका विभिन्न सूत्रहरूमध्ये विशेष गरी महापरिनिर्वाण सूत्रलाई आधार बनाएर यो स्तूपको आध्यात्मिक महत्वलाई प्राज्ञिक रूपमा विवेचना गरिएको छ । सूत्रपिटक भित्रका विभिन्न निकायका धेरै सूत्रहरूमा यो क्षेत्रमा शाक्यमुनिले उपदेश दिने क्रममा समेटिएका सन्दर्भलाई आधार बनाएर रामग्राम स्तूप र शरीर-धातुका सम्बन्धमा प्रकाश पारिएको छ । सामान्यतयाः विश्वमानव जगत् र विशेषतः बौद्ध जगतभित्र यो स्थलको सन्दर्भमा आधिकारिक ज्ञान सम्प्रेषण गर्ने कार्यमा यो अध्ययनलाई सीमित गरिएको छ । बुद्धवचनहरूलाई आधार बनाएर विवेचना गरिने यो लेखमा पिटकभित्रका सूचनाहरू र स्थलगत अवलोकनबाट प्राप्त सामाग्रीलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ । बुद्धको शरीर-धातुको भौगोलिक वितरण र बौद्ध परम्पराभित्रको अस्थिधातुको भावना सन्दर्भमा प्रकाशित कृतिहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरी यो अध्ययन सम्पन्न गरिएको छ ।*


*शब्द कुञ्जिकाः शरीर-धातु, महापरिनिर्वाण सूत्र, पुण्यसञ्चय, बुद्धानुस्मृति, धर्मधातु, अधिगम परम्परा*

## रामग्रामको वर्तमान अवस्थिति र ऐतिहासिक पृष्ठभूमि

हाल नेपालको राजनैतिक सिमानाभित्र धेरै ठूलो मात्रामा प्राचीन बौद्ध सम्पदा रहेको भूगोल बृहत् लुम्बिनी क्षेत्र हो । कपिलवस्तु, रूपन्देही र नवलपरासी गरी तिनवटा जिल्लामा फैलिएको यो इलाका पुरातात्विक, बौद्ध धार्मिक, सांस्कृतिक सम्पदाको हिसाबले एउटा जीवन्त र खुल्ला संग्रहालयका रूपमा विश्वमाझमा परिचित छ। नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लुम्बिनी प्रदेशमा अवस्थित ६३४.८८ वर्ग कि.मि. क्षेत्रफल भएको जिल्ला हो । जसको सदरमुकाम ऐतिहासिक महत्वको बौद्ध सम्पदा रामग्रामको नजिकमा राखिएको छ । रामग्रामको दक्षिणमा मित्रराष्ट्र भारतको उत्तर प्रदेश र बिहार प्रान्त पर्दछन् । समुन्द्र सतहबाट करिव ९१ मि. उचाईमा यो स्थल अवस्थित छ। बृहत् लुम्बिनी क्षेत्र ई.पू. छैटौं शताब्दीमा शाक्य र कोलिय राज्यहरूमा विभक्त थियो । यी दुबै राज्यहरूलाई रोहिणी नदीले छुट्याएको थियो । सुत्तपिटकअर्न्तगतको दीघ निकायको अम्बट्ठ

* indra.kafle@lbu.edu.np (सह-प्राध्यापक, लु.बौ.वि.)

सूत्रमा शाक्य जातिको उत्पतिका सम्बन्धमा बताइएको छ (बज्राचार्य ७३) ।

बौद्ध ग्रन्थहरू ललितविस्तर, महावंश, सौन्दरानन्द, अर्थकथाहरू, बुद्धघोष, अश्वघोषका रचनाहरूमा निर्वासित राजकन्या (प्रिया) अमृतालाई श्वेत कुष्ठ रोग लागेपछि कोलवृक्षको प्रचूरता भएको रोहिणी नदीबाट पूर्वतिरको जङ्गलमा पठाइएको थियो। सो समयमा वनारसका राजा राम पनि श्वेत कुष्ठ रोगबाट प्रभावित भई उक्त ठाँउमा उपचारार्थ बसिरहेको परिस्थितिमा उनीहरूको आपसमा भेट भएको पाइन्छ। दुबैलाई कोल वृक्षको प्रभावका कारण कुष्ठ रोग सन्चो भएपश्चात् आपसमा विवाह गरी बसोवास गरेको यो इलाकालाई कोलग्राम अथवा कोलिय नगर भनिएको थियो (गिरी ११२) ।

पारिवारिक कलहका कारण कोशल नरेश ओकाकका निर्वासित ४ जना राजकुमार र पाँचजना राजकुमारीहरू आफ्ना लागि अनुकूल स्थान खोज्ने क्रममा हिमालको सजिलै दृश्यावलोकन गर्न सकिने सुन्दर तलाउ र घना सालवन रहेको वर्तमान कपिलवस्तुमा बसोवास गरी शाक्य राज्यको स्थापना गरेका थिए। चार जोडी राजकुमार र राजकुमारी एक आपसमा विवाह गरी शाक्य गणराज्यको स्थापना भएको थियो। निर्वासित अवस्थामा आएका राज्यविहीन राजवंशका सन्तानलाई त्यस ठाँउमा आश्रम बनाएका कपिल ऋषिले संरक्षण दिएका थिए। घरबार विहीन अवस्थाका राजकुमारहरूले पुरुषार्थ देखाएको, राज्य स्थापना गर्न सामर्थ्यवान् भएको अर्थमा शाक्य भनिएको भन्ने भनाइहरू पाइन्छ।

राजमाताको भूमिकामा रहेकी जेठी दिदी प्रियाले वनारसका राजा रामसँग विवाह सम्पन्न गरी राज्य बसालेको कारण सो राज्यलाई रामग्राम भनिएको हो। कोलवृक्षको घना जंगलमा तत्कालीन समयमा बाघको बिगबिगी हुने कारणले सो जंगललाई व्याघ्रपुर अथवा व्याघ्रपञ्ज पनि भनेको पाइन्छ (प्राणपुत्र २९९) । कोलिय नगर स्थापना भएपछि यहाँ सन्तान र कपिलवस्तुका शाक्य र कोलियवंश बिचमा वैवाहिक सम्बन्धको एउटा लामो शृङ्खला नै तयार भएको पाइन्छ । भगवान् बुद्धको महापरिनिर्वाणपश्चात् रामग्रामका कोलियराजाहरूले प्राप्त गरेको शरीर-धातु राखि रामग्राम स्तूपको निर्माण भएको थियो । यो स्तुप रहेको कारणले यो स्थल आज संसारमाझ पवित्र तीर्थ स्थलका रूपमा परिचित छ।

रामग्राम स्तूपको ऐतिहासिक विवरण, चिनियाँ तीर्थयात्रीका विवरण, पुरातात्विक अन्वेषणबाट प्राप्त तथ्य र बौद्ध साहित्यको विवरणमा आधारित भएर विभिन्न स्वदेशी विद्धानहरु जस्तै गितु गिरी, वसन्त बिडारी, कौशलेन्द्र श्रीवास्तव, भिक्षु अमृतानन्द, भिक्षु सुदर्शन, तारानन्द मिश्र, बावुकृष्ण रिजाल आदि र विभिन्न अन्तर्राष्ट्रिय विद्वानहरूले कलम चलाएका छन्। यद्यपि यो स्तूपलाई शरीर-धातुको प्रसङ्गवाट विभिन्न आयामवाट विश्लेषण गरिएको छैन। पूर्वप्रकाशित कीर्तिहरूलाई द्वितीय स्रोत र बौद्ध साहित्यलाई प्राथमिक स्रोतको रूपमा उपयोग गरी गुणात्मक विधि अनुसार यो लेखमा रामग्राम स्तूप र शरीर-धातुको महत्वका विषयमा बहु-आयामिक तवरबाट विश्लेषण गरिएको छ।

## रामग्राममा राखिएको शरीर-धातुको ऐतिहासिकता

भगवान् बुद्धको महापरिनिर्वाण कुशीनगरमा भएको खवर पाएपछि तत्कालीन समयका सात देशका प्रतिनिधिहरू भगवान्‌को शरीर-धातु लिन आएको देखिन्छ । कुशीनगरका मल्लहरूले बुद्धको महापरिनिर्वाण उनीहरूको ग्रामक्षेत्रमा भएको कारणले भगवान्‌को अन्त्योष्टि पश्चात् बाँकी रहेको शरीर-धातुमा आफ्नो मात्र एकाधिकार

रहने दावीसहित छिमेकी देशहरूलाई वितरण नगर्ने घोषणा गरेका थिए । तत्कालीन उत्तर भारतको विभिन्न भूगोलमा बुद्धले ४५ वर्षसम्म विचरण गर्दै उपदेश प्रदान गरेका ठूलो भूखण्ड मध्येका शक्तिशाली राजाहरू मध्ये ७ वटा देशहरूका राजाहरूको आफूँहरू पनि बुद्धका अनुयायी भएका कारणले भगवान्को शरीर-धातु सङ्कलन गरी स्तूप बनाउने मनसायले उपस्थित भएका थिए । विभिन्न राज्यहरूका बिचमा शरीर-धातु प्राप्तिका लागि युद्ध नै गर्ने हुन् कि भन्ने सम्भावना त्यहाँ उत्पन्न भएको देखिन्छ । प्रतिकूल वातावरणमा पनि भगवान् बुद्धसँगको रक्त सम्बन्ध र धर्मको अगाध आस्थाका कारण रामग्रामको कोलिय राज्यले पनि शरीर-धातु माग गरेको थियो । तत्कालीन समयमा कोलिय गणराज्य अन्य सात प्रदेश सरह शक्तिशाली थियो भन्ने कुरा आँकलन गर्न सकिन्छ ।

परिस्थितिलाई मध्यनजर गर्दै शरीर-धातु प्राप्तिको संघर्षमा राज्यहरू बिचमा युद्ध नहोस् र सबैले भगवान्का शरीर-धातु प्राप्त गर्ने अवसर मिलोस् भनेर विवाद साम्य पार्न कामको अगुवाई तत्कालीन समयका लोकप्रसिद्ध ब्राह्मण द्रोणले गरेका थिए । द्रोण ब्राह्मणले कुशीनगरमा भगवान्को शरीरलाई अग्नि दहनपश्चात् बाँकी रहेको अंशलाई बराबर आठ भागमा विभाजन गरेका थिए । त्यो आठ भागमध्ये एक भाग सङ्कलन गरी कोलिय राज्यको रामग्राममा स्तूप बनाइएको थियो । बौद्ध ग्रन्थमा उल्लेख भए बमोजिम शरीर-धातु जम्मा सोह्र कुरुवा थियो । आठ ओटा भागमा विभाजन गरिएको कारणले रामग्रामले जम्मा दुई कुरुवा शरीर-धातु प्राप्त गरेको थियो । शरीर-धातु वितरण गर्ने कार्य गरेका द्रोण ब्राह्मणले शरीर-धातुको थुप्रोबाट आफ्ना लागि दाँया दन्तधातु आफ्नो पेटमा लुकाएका थिए । तर त्यो दन्तधातु शक्रदेवेन्द्रले चोरी गरेका थिए भन्ने भनाई पनि पाइन्छ । आफूले शरीर-धातु प्राप्ति गर्न असफल भएपछि उपस्थित सभामा ब्राह्मण द्रोणले शरीर-धातु नाप्ने काममा प्रयोग भएको 'तुम्व' मागेका थिए (अमृतानन्द १३९) । बुद्धको महापरिनिर्वाण लगत्तै धातु विभाजनबाट बनाइएका स्तूपहरूमध्ये रामग्राम स्तूप एक थियो । जहाँ एक विशाल महोत्सव आयोजना गरी शरीर-धातु पूजा गरिएको थियो । पछि यो स्तूपको संरक्षण, पूजा आजा मनुष्य मात्र नभएर नागहरूबाट पनि भएको भन्ने प्रसङ्ग बौद्ध साहित्यमा पाइन्छ ।

भगवान् बुद्धको शरणमा सुरुवात चरणदेखि गएका महाकाश्यप, अनिरुद्ध, आनन्दजस्ता अग्रश्रावकहरूले शरीर-धातु वितरणमा प्रभावकारी भूमिका किन निर्वाह गर्न सकेनन् र किन द्रोण ब्राह्मणले नै अगुवाई गर्नु पर्‍यो भन्ने कुरा सान्दर्भिक देखिन्छ । कपिलवस्तु, रामग्राम, कुशीनगर, बैशाली आदि राज्य मात्र नभएर समग्र जम्बूद्धीपमै त्यो समय प्रभावशाली विद्वान् द्रोणबाट प्रभावित देखिन्छ । उनी जम्बूद्धीपका तत्कालीन सम्पूर्ण राजाहरूको आध्यात्मिक सल्लाहकार र राजपुरोहित थिए । राजाहरूलाई भगवान्को शरीर-धातुको विषयमा युद्ध गर्नु हुन उचित छैन भन्दै सम्झाउन र सम्भावित युद्धबाट शान्तितर्फ लैजाने द्वन्द्व समाधानका लागि त्यो बेला संघका अग्रश्रावकभन्दा पनि प्रभावशाली व्याक्तित्व द्रोण भएको कारणले उनलाई शरीर-धातु वितरणको जिम्मेवारी प्रदान गरिएको थियो ।

बुद्धका उपदेशहरूको गाम्भिर्यलाई चिन्तन गरी बुद्धका बत्तिस लक्षण र असी अनुव्यञ्जनलाई राम्ररी अवलोकित गरी द्रोण ब्राह्मणले वैदिक परम्परा छाडेर आफ्नो जीवनको आध्यात्मिक परिपक्वता ग्रहण गरिसकेको चरणमा बुद्धको शरणमा गएका थिए । बुद्धका उपदेशको सार्वकालिक महत्वलाई हृदयङ्गम गरेका र अस्थी-धातुले सम्पूर्ण सर्वसत्वको कल्याण गर्न सक्छ भन्ने तथ्यलाई बुझेका व्यक्तित्व भएका कारणले शरीर-धातु एक ठाउँमा मात्र एकत्रित नगरी वितरण गर्ने उनको विचारलाई बौद्ध संघ र शरणगत सम्पूर्ण राजसंस्थाहरूले स्वीकार गरेको देखिन्छ । यदि त्यो बेलामा बुद्धको शरीर-धातु एक ठाउँमा मात्र सिमित गरिएको भए वर्तमानमा पाइएको रामग्राम

स्तूपको अस्तित्व हुने थिएन ।

द्रोण ब्राह्मणलाई त्यो समयमा चलेको आध्यात्मिक जागरणबाट आफ्नो आध्यात्मिक रूपतालिका नै परिवर्तन गरी बौद्ध अभियानमा लागेको प्रतिनिधि पात्र मान्न सकिन्छ । बौद्ध साहित्यले विशेषगरी अङ्गुत्तर निकाय अर्थकथा र दीर्घनिकायको अर्थकथाले द्रोण ब्राह्मणलाई तीनवेद, व्याकरण, इतिहास र लक्षण शास्त्रमा पारङ्गत प्राप्त ब्राह्मणका रूपमा उल्लेख गरेको प्रसङ्गलाई भिक्षु अमृतानन्दले बुद्धकालीन ब्राह्मण ग्रन्थमा प्राथमिकताका साथ उठान गर्नुभएको छ (१३८-३९) ।

रूपकाय, धर्मकाय र सम्भोगकाय तीनवटै कायहरूलाई सन्तुलित रूपमा विकास गरेका सम्यक सम्बुद्ध शााक्यमुनिको रूपकायको भव्यताबाट प्रभावित भएर द्रोण ब्राह्मण बौद्ध परम्पराको अनुगामी बनेका थिए । वैदिक परम्परामा आधिकारिकता प्राप्त गरी यश र कृर्तिले समस्त जम्बूद्वीप प्रभाव पार्ने यशस्वी व्यक्तिले बाटोमा निस्कँदा बुद्धको पदचिन्हमा चक्राङ्कित रेखा देखेर त्यसलाई पछ्याउँदै, निरन्तर परीक्षण, अनुसन्धानबाट बौद्ध परम्परा र शाक्यमुनिको शिक्षालाई अङ्गीकार गरेका थिए । यो घटनाबाट बुद्धहरू त्रिसाहस्रमहासाहस्र लोकधातुमा सबैभन्दा पूज्य हुन्छन् भन्ने तथ्यलाई स्वीकार गरेको देखिन्छ (किलोटजली ८८) । बुद्धको परिनिर्वाणपश्चात् उहाँको भव्य रूपकाय अर्थात् भौतिक शरीरको अस्तित्वलाई निरन्तरता दिने शरीर धातुको महत्वलाई बुझेका द्रोणजस्ता ब्राह्मणहरूले अस्थी-धातुलाई दिएको श्रद्धा र आध्यात्मिक महत्वबाट रामग्रामको स्तूपको आधिकारिकता माथि उठ्ने प्रश्नको दरिलो, प्रासङ्गिक उत्तर पस्केको देखिन्छ । द्रोण ब्राह्मणले रूपकायको भव्यतालाई आफ्नै चर्मचक्षुले नियालिसकेपछि प्रत्यक्ष प्रमाणका आधारमा सम्यक् सम्बुद्ध सामान्य मानवीय गुण र परामानवीय गुण दुवैले युक्त हुन्छन् भन्ने कुरा सजिलै स्वीकार गरेका थिए । त्यो साक्षात्कारमा शाक्यमुनिलाई तपाई देवता, गन्दर्भ, यक्ष,मनुष्य हो भन्दा अस्विकार गर्दै ती सबै सवालहरूको युक्तिसङ्गत जवाफ दिँदै आफूँ सम्पूर्ण आस्रवहरू क्षय भई भव बन्धनबाट मुक्त भएको पुण्डरिक (कमलको फूल) फूलजस्तै सांसारिक हिलोले छुन नसक्ने लोक धर्मबाट अलग बुद्ध हुँ भन्ने कुरा खुलस्त पार्नुभएको थियो । आज पनि रामग्राम स्तूपको दर्शन हरेक व्यक्तिले तथागतको भौतिक अस्थी-धातुलाई आलम्वन गरी भाविता गर्ने आफू पनि भवबन्धनवाट मुक्त हुने अवसर प्रदान गरिराखेको छ । बुद्धहरू लोकोत्तर चित्तउत्पाद गरी सर्वज्ञता लाभ गरेका व्याक्तित्व भएका कारणले सामान्य पृथकजन भन्दा फरक देखेर नै द्रोण ब्राह्मणले शाक्यमुनिलाई के तपाई देवता हो ? यक्ष हो ? मनुष्य हो ? जस्ता असामान्य लाग्ने प्रश्नहरू गरेका थिए । एक मनुष्य भावमा भएका आध्यात्मिकताको शिखर आरोहण गरेका शाक्यमुनिलाई यस्तो खालको प्रश्न सोध्नु त्यो बेलाको समाजको विपुल आध्यात्मिक जिज्ञासाको ज्वलन्त उदाहरण थियो । एक मनुष्यले अर्को आफूजस्तै मनुष्यलाई तपाई के हो भन्ने प्रश्न आफैँमा निकै गम्भीर छ । रामग्राम स्तूप बुद्धको धर्मकायलाई स्फारण गरिरहेको बुद्धको निर्माणकायको अंश थियो भन्ने तथ्यलाई पनि यो प्रसङ्गले स्पष्ट पारेको छ । बुद्धानुस्मृति गरी त्यसलाई ध्यान-भावनाको आलम्वन वनाउन लालायित बौद्ध अनुयायीका लागि रामग्राम स्तूप एउटा महत्वपूर्ण धरोहर हो ।

कुशीनगरमा सम्पूर्ण भिक्षु -भिक्षुणी, राज प्रतिनिधिहरू, उपासक, उपासिकाहरूलाई एकत्रित गर्दै द्रोण ब्राह्मणले “एकछत्द, एकमत भई परस्पर प्रसन्न्न भएर भगवान्को शरीर-धातुलाई आठ भाग गरौँ । धेरै जना चक्षुमान बुद्धप्रति प्रसन्न छन् । त्यसैले सबै दिशामा स्तूपको विस्तार होस् ”भन्ने कुरा आहवान् गरेका थिए ।

*“सब्बेब भोन्तो सहिता समग्गा*

*सम्मोदमाना करोमष्ठ भागे ।*
*वित्थारिका होन्तु दिसासु थुपा ,*
*बहुजना चक्खुमतो पसन्ना ति ॥" (अमृतानन्द १५३ ) ।*

अस्थी-धातु राखिएका स्तूपहरूले बुद्धको दर्शन पाउँदा जस्तै पृथकजनको चित्तमा प्रसन्नता उत्पन्न गर्छन् । प्रसन्नतापूर्वक बुद्धप्रति शरणगमन गर्दै जो सुकैले सम्यक् श्रद्धा उत्पन्न गर्‍यो भने उसका अपाय गतिका द्वारहरू बन्द हुने तथ्यलाई विभिन्न सूत्रहरूले सुनिश्चित गरेको पाइन्छ। रामग्राम स्तूप जस्ता अस्थी-धातु भएका स्तूपहरू ज्ञानदर्शनका लागि बुद्ध मार्गतर्फ चित्तलाई झुकाउने, उत्प्रेरित गर्ने उत्प्रेरक तब वन्दछन् जब व्यक्तिले सत्काय दृष्टि, विचिकित्सा, शीलव्रतपरामर्श जस्ता संयोजनलाई छिनाल्ने अभियानमा प्रतिबद्ध बन्दछ। कोलिय जनपदमा स्वयं बुद्धकालमै तथागत आफैले तत्कालीन भारतवर्षमा उपलब्ध सम्पूर्ण दार्शनिक तथा आध्यात्मिक परम्परालाई खण्डन गर्दै अन्धविश्वास, ईश्वरीय सत्ताप्रतिको भ्रमलाई अनित्य, दुःख, अनात्मा र सम्यक् आजीविकाको विषयमा निकै ठूलो खण्डन मण्डनको परम्परा स्थापित गर्नुभएको थियो ।

मज्जिम निकायको मज्झिमपण्णासक अन्र्तगतको कुकुरव्रतिक सूत्र कोलिय जनपदको हलिद्दवसन भन्ने रामग्रामको एउटा निगममा प्रदान गरिएको सूत्र हो, जसले तत्कालीन समाजमा व्याप्त शीलव्रतपरामर्शलाई चिरफार गर्न प्रदान गरिएको सूत्र थियो (वज्राचार्य ३५३-५९) । संसारबाट मुक्त हुने मोक्ष प्राप्ति गर्ने आशामा मिथ्याव्रत गरिरहेका कोलिय जनपदका रामग्रामवासीलाई अपायगतिबाट जान रोक्दै कर्मका बारे विस्तृत चर्चा गरिएको तत्कालीन प्रसङ्गलाई आजपनि सम्झाउने कोलिय जनपदको एउटा अमूल्य धरोहर रामग्राम स्तूप हो । रामग्राम स्तूपलाई विगतमा कसरी पूजा आराधना गरिन्थ्यो र वर्तमानमा ओझेलमा परेको यो स्तूपलाई कसरी पुनरूद्वार गर्न सकिन्छ भन्ने सन्दर्भको ज्ञान पस्किने सूत्र महापरिनिब्बान सूत्र हो । तथागत सम्यक सम्बुद्धको, प्रत्येकबुद्धको, तथागतका अर्हन्त शिष्यहरूको, चक्रवर्ती राजाहरूको स्तूप वनाउन योग्य हुने कुरालाई स्वयं बुद्धले महापरिनिब्बान सूत्रमा निर्देशन दिनुभएको छ (२७४)।

के रामग्राम स्तूप अस्थी-धातु राखिएको माटोको सामान्य इतिहासलाई स्मरण गराउने सम्पदा हो ? या कुनै गतिशील बौद्धहरूको मौलिक विरासत बोक्ने पुरातात्विक सम्पदा, आध्यात्मिक उर्जालाई जीवन्त बनाई राखेको आध्यात्मिक धरोहर हुनुपर्दथ्यो । पूजा पाठ भइरहेको, श्रद्धालूहरूले अविरल परिक्रमा गरिरहेको, साधना गर्ने साधकले अटूट् रूपमा साधनास्थलका रूपमा प्रयोग गरिरहेको चलाएमान रामग्राम परिकल्पना किन नगर्ने ? यो आध्यात्मिक धरोहरको पूनरूत्थान र भविष्यका पिँढींलाई कसरी सुम्पिने भन्ने यक्ष प्रश्नलाई यहाँनिर विश्लेषण गर्नु सान्र्दभिक देखिन्छ। यो प्रश्नले यो धरोहरको जीवन्ततालाई औल्याएको छ। यी प्रश्नहरुको प्राज्ञिक उत्खनन् सहितको जवाफले यसलाई कसरी संरक्षण गर्ने भन्ने कुरा निर्देशित गर्न सक्दछ । महायान वज्रयान परम्पराका सुप्रसिद्ध विपश्यनाचार्य श्रीधर राणा रिम्पोछेले बुद्धधर्मभित्र अपनाइने पूजा पाठ आदि कुराहरू सम्यक चर्या हुन् भन्दै गम्भिर विश्लेषण गर्नुभएको छ ।

बुद्धले कुनै पनि पाठ पूजा सिकाएका थिएनन् । यस्ता खालका कर्मकाण्डी अवैज्ञानिक मान्यताका विरुद्धमा बुद्ध हुनुहुन्थ्यो भन्ने दावी आधुनिकतावादको चिन्तनबाट ग्रसित व्यक्तिमा देखापर्नु स्वभाविक हो । आधुनिकतावादी जगतदृष्टिबाट प्रभावित व्यक्तिहरूले बुद्धलाई आधुनिकतावादी व्यक्तित्वका रूपमा प्रस्तुत गर्न गरिएको प्रयास मात्र हो । यस्ता खालका प्रयासमा सर्वप्रथम त के समस्या छ भने यस्तो अनौठो अवधारणा स्वयं नै दीघनिकायको

परिनिब्बान सुत्तसँग विरुद्ध छ, जहाँ बुद्ध स्वयंले आनन्दलाई तथागतको स्तूपहरू बनाउनुपर्छ भनेर बताएका छन्। त्यस्तै जसले त्यहाँ श्रद्धा भक्तिको चित्तले मालाहरू चढाउँछ या सुगन्ध छर्किन्छ र अविर, सिन्दुर, चुराले रङ्गाउँछ, उसको लामो समयसम्म हित र सुख हुन्छ इत्यादि भनिएको छ।

पुष्पहरू चढाउनु, सुगन्धहरू चढाउनु, रङ्गग आदि लगाउनु जस्ता कुरा तथागतको स्तूपलाई गरिएको पूजा कर्मकाण्ड नै हो। यो पुष्प, धूप, गन्ध इत्यादिवाट पूजा गर्नु हो" (राणा भि)। आज पनि संसारभरका लुम्बिनी, कपिलवस्तु र रामग्राम आउने श्रद्धालुहरूले यहाँ भएका स्तूपहरूमा माला अर्पण गरेको, स्तूप परिक्रम गर्दै धुप, चन्दन, सूनको जलपले रङ्गाउने, सिन्दुर चढाउने गरेको देख्न सकिन्छ। यी क्रियाकलापहरू आज भन्दा २६०० वर्षअगाडि शुरुवात भएर यतिवेला पर्यन्त निरन्तरता पाइराखेको देखिन्छ। समयको कालखण्डमा राजनैतिक उथलपुथल वाढी, युद्धवाट रामग्राम स्तूपमा प्रारम्भिक चरणदेखि नै निरन्तरता पाइरहेका धार्मिक गतिविधिहरू खण्डित हुन पुगेका थिए।

## बुद्धधर्ममा स्तूप र रामग्राम स्तूपको महत्व

जम्बूद्वीपमा धेरै बुद्धहरू प्रादुर्भाव भएका थिए। पालि साहित्य अर्न्तगतको त्रिपिटक, महायान सूत्र र तन्त्र आदिमा विभिन्न कालखण्डमा देखा परेका धेरै बुद्ध वोधिसत्वका वर्णनहरू पाइन्छन्। बौद्ध परम्पराअनुसार क्रकुच्छन्द बुद्ध हुँदै कनकमुनि, काश्यप, शाक्यमुनि र अब निकट भविष्यमा बुद्ध बन्नका लागि अवतरण गर्ने पाँच ओटा बुद्धहरूको समयलाई भद्रकल्प भनिन्छ। संयोग भनौं या बृहत् लुम्बिनीक्षेत्रको उन्नत आध्यात्मिक उर्जाको कारणले भनौं, यो भूगोलले तीनतीन वटा बुद्ध जन्माउने श्रेय पाइसकेको छ। हरेक बोधिसत्वहरूले जन्म लिनु अगाडि जन्म लिन योग्य भूमिका ५ वटा आवश्यक शर्तहरू पूरा भइरहेको छ वा छैन भन्ने विषयमा गम्भीर चिन्तन गरी काल, द्वीप, देश, कूल गरी ५ वटा विषयमा निर्णय लिने प्रक्रियालाई पञ्च महाविलोकन भनिन्छ (धम्मावती १०)। यो बृहत् लुम्बिनीक्षेत्रलाई तीन तीनवटा बोधिसत्वले पञ्च महाविलोकन गरी यसै क्षेत्रलाई छनोट गरी यहाँ जन्मेर सम्यकसम्मबुद्धता लाभ गरेका थिए। क्रकुच्छन्द, कनकमुनि हुँदै शाक्यमुनिले यस क्षेत्रमा स्थापित गरेको परम्परालाई नै सनातन परम्परा भन्न सकिन्छ। बुद्धहरूको शिक्षा पनि समान हुने कुरा त्रिपिटकमा बताइएको छ। पहिलोपटक धम्म पदमा बुद्धको उपदेशलाई *'एस धम्मो सन्तनो'* भन्दै सनातन परम्परा दावी गरिएको छ (*धम्मपद*)।

त्रिपिटक साहित्यभित्र छरपस्ट रूपमा पाइएका धेरै साहित्यिक प्रमाणहरूले बुद्धहरूको जन्मस्थल भन्ने तथ्यलाई स्थापित गरिदिएको छ। यी तथ्यका अलावा यी तीन बुद्धका जन्मस्थलमा तेस्रो शताब्दी इ.पू. का मौर्य सम्राट् अशोकले अभिलेखसहितको स्तम्भ राखेपछि विश्वसामु पूरातात्विक रूपमा प्रमाण प्रमाण प्रस्तुत गरी यसको वैज्ञानिकता अकाट्य रूपमा स्थापित भइसकेको छ। निग्लीहवाको अशोकस्तम्भमा राजा अशोकले कनकमुनि बुद्धको जन्मस्थलमा स्थापित स्तूपलाई दोब्बर बनाएको, पूजा गरेको, शिलालेखसहित स्तम्भ खडा गरेको कुरा उत्कीर्ण गरिएको छ। यो सूचना नै एउटा प्रमुख आधार हो, आधिकारीक प्रमाण हो। स्तूपको ईतिहास सन्दर्भमा। शाक्यमुनिकै जन्मस्थललाई लुम्बिनीलाई जस्तै प्राथमिकता दिएर अशोकले क्रकुच्छन्द बुद्धको जन्मस्थल गोटिहवा र कनकमुनि बुद्धको जन्मस्थल निग्लिहवालाई तीर्थाटन गरेका थिए। यहाँका स्तूपहरूलाई पूजा गरेका थिए। यो क्षेत्रको गहिरा अनुसन्धानमा सङ्लग्न बिडारीले आफ्नो पुस्तक कपिलवस्तु द वर्ल्ड अफ सिद्धार्थमा यो क्षेत्रमा प्रारम्भिक चरणमा उत्खननमा संलग्न फुहरर र भी. स्मिथलाई उद्धृत गर्दै निग्लिहवा

अभिलेखमा त्यहाँको स्तूपलाई दोब्बर बनाएको प्रसङ्ग उल्लेख गरेका छन् (८७) यी तथ्यबाट स्तूप बनाउने र त्यसको तीर्थाटन गर्ने परम्परा शाक्यमुनि अगाडि देखिनै चलन थियो भन्ने कुरा स्पष्ट देखिन्छ।

भगवान् बुद्धले स्तूप पूजालाई केवल एउटा उपायका रूपमा सुझाएको देखिन्छ। स्तूप पूजाको मूल उद्देश्य सबै प्राणीहरूको लौकिक सुख र अन्तिममा निवार्ण लाभ गर्दै परमार्थ सुख उत्पाद गर्ने अध्याशयले युक्त हुनुपर्छ भन्ने आशयमा आधारित रहेको पाइन्छ। भगवान् बुद्ध स्वयंले मानिसहरूलाई खाली बाह्य पूजा-आजाहरू, पाठहरूलाई चित्तको एकीकरण गर्ने उपायका रूपमा सिकाएको देखिन्छ। मूलतः आभ्यान्तर रूपमा गहन साधनामा लाग्ने प्रेरणादायी स्रोतका रूपमा स्तूपालाई उपयोग गरेको पाइन्छ। मानिसहरू स्तूप, अस्थी-धातु पूजामा मात्र आफ्नो समय र उर्जा खर्च गर्लान् भन्ने अभिप्रायले स्पष्टरूपमा त्यो खालको अभ्यासलाई चिर्नुपर्ने कुरा औंल्याएको पाइन्छ। यसकारण पनि स्तूपा पूजा आदि एक प्रकारका कर्मकाण्ड भए पनि यी कुराभित्र सम्यक बौद्ध प्रणाली समावेश भएको देखिन्छ।

निर्वाण लाभका लागि प्रज्ञापारमिताको भाविताामा प्राथमिकता दिनुपर्ने आवश्यकतालाई सङ्केत गर्दै *‘अध्याशयसंचोदनसूत्रमा’* त्रिसाहस्र, महासहास्र लोकधातु भर्ने गरी सात प्रकारका रत्नबाट निर्मित चैत्य बनाउनुभन्दा बुद्धभाषित प्रज्ञापारमिताको अभ्यास गर्नु श्रेयस्कर हुने कुरा बताइएको छ। यस उदाहरणबाट भगवान् बुद्धको शासनमा स्तूप पूजा, बुद्धवन्दनालाई बौद्ध साधनाको मूलसार अभ्यास नमानिकनै एउटा उपायको रूपमा ग्रहण गरिएको देखिन्छ (कुमारदास ४०६)। महापरिनिव्वान सुत्तमा बुद्धले आनन्द तथागतको शरीर पूजामा तिमीहरू नलाग आनन्द तिमीहरूले निर्वाण लाभ गर्नको निमित्त प्रयत्न गर्नुपर्छ त्यसका लागि अप्रमाद, उद्योगी, संयमी भई विहार गर्न पर्छ भन्दै निर्देशित गरिएको छ (बज्राचार्य २७३)। सोही समय स्वयं बुद्धले नै तथागतको शरीर पूजाका लागि क्षेत्रीयहरू, पण्डितहरू, गृहिणीलाई शरीर पूजाका लागि अनुमति दिनुभएको छ। यसबाट के कुरा आँकलन गर्न सकिन्छ भने बुद्धले श्रावक शिष्यको अरहत्व लाग गर्ने कामलाई प्राथमिकता दिएर शरीर पूजामा समय बर्वाद नगर्न आग्रह गर्नुभएको थियो भने सँगसगै गृहस्थका लागि बुद्धको शरीर पूजाबाट अनन्तपूण्य सञ्चय गर्ने अवसर बारे पनि सम्झाएको थिए।

बोधिसत्व पिटकमा सम्यक् सम्बुद्ध, अर्हत् आदिका चैत्यलाई सुन्दरीकरण गर्दा तिनीहरूलाई चित्ताकर्षक रूपमा संरक्षण गर्दा जो कोहीलाई पनि अपरिमित पुण्य सङ्कलन गर्ने तथ्यलाई अभिलिखित गरिएको छ। बोधिसत्व पिटकमा तथागतको चैत्य सफाई गर्ने, पुनरुद्धार गर्ने व्यक्तिलाई विभिन्न खालका उत्तम विशुद्ध प्रणिधानहरू विकसित हुने कुरा बताइएको छ। यी कुरा बुद्धकालीन समयमा नै प्रचलनमा रहेका थिए (रे ३३२)। विगतमा रामग्रामका कोलिय राजाहरू, रामग्राम स्तूप तल गहिराइमा बस्ने नागहरूले यहाँको शरीर धातु पूजा भव्य रूपमा गर्दै आएका थिए। समयक्रममा बुद्धधर्मका अनुयायिहरू यो ठाउँबाट विस्थापित भएपछि यहाँको भव्य पूजाआजा, बौद्ध साँस्कृतिक झलकहरू लोप हुन पुगेका थिए। महापरिनिब्वान सूत्रमा कुशीनगरबाट शरीर धातु प्राप्त गर्ने रामग्राम लगायतका राजाहरूले ठूलो पूजाआजा सहित महोत्सव नै आयोजना गरिएको कुरा उल्लेख गरिएको छ। स्तुपको पूजा गर्दा पुण्यसम्भारको अलावा साधकको जीवनमा विभिन्न खालका अभिज्ञादेखि विशेष लक्षणहरू विकास हुने कुरा वताईएको देखिन्छ। तिनीहरु यसप्रकार छन् :

१. लक्षण सम्पदले युक्त
२. रूप प्रणिधान विशुद्धि

३. तथागत दर्शनको प्रणिधान विशुद्धि
४. महापरिषद् सम्पद प्रणिधानको विशुद्धि आदि ।

तथागतको शरीर धातु राखिएका स्तूप, चैत्यलाई फूल अर्पण गर्दा, सुगन्धित लेपनहरूले लेपन गर्दा आठ ओटा अविकलताहरू प्राप्ति हुने कुरा वताइएको पाइन्छ । त्यसैगरी तथागत विम्वपरिवर्तमा पनि यो कुरालाई उल्लेख गरेको पाईन्छ (दास ४१२) ।

आठ अभिकलताहरू यस्ता छन् ः

१. रूपको अविकलता
२. भोगको अविकलता
३. श्रवणको अविकलता
४. शीलको अविकलता
५. समाधिको अविकलता
६. परिवारको अविकलता
७. प्रज्ञाको अविकलता
८. प्रणिधानको अविकलता

के स्तूपको पूजा आराधना अन्धविश्वास हो ? स्तूपहरू के कस्ता आध्यात्मिक सम्पदाहरू हुन् जसले अन्ततोगत्वा मानवको सांसारिक र परमार्थ हित गर्न काम गर्छन् ? यस्ता खालका प्रश्नहरू अहिलेको आधुनिक समाजमा हुर्केका र विज्ञान तथा प्रविधिलाई महत्व दिने आधुनिक शिक्षा पाएका पठित वर्गमा उठ्नु स्वाभाविक नै देखिन्छ । भोलिका दिनमा बौद्ध शिक्षाको बढ्दो लोकप्रियतासँगै रामग्राम स्तूपको आध्यात्मिक महत्व प्रकाश पार्नु वाञ्छनीय देखिन्छ । रामग्राम स्तूप यो भद्रकल्पका शास्ता सम्यक् सम्बुद्धको भौतिक शरीरको अवशेष 'अस्थी-धातु' राखिएको धरोहर हो । यो धरोहरले करिव छब्बीस सय वर्षदेखि अविरलरूपमा मानवहरूलाई आफ्नो मात्र नभएर सबै प्राणीहरूको निःस्वार्थ हित गर्न आह्वान गरिराखेको छ । मानिसमा हुने भ्रान्ति र अज्ञानतालाई हटाउँदै स्वार्थपरायणतालाई हटाउने व्यावहारिक शिक्षाका रूपमा बौद्ध शिक्षालाई लिएको पाइन्छ (शाक्य ४६) । यो स्तूप पनि त्यस्तै स्वतन्त्र, प्रज्ञाले चिन्तन गर्न अभिप्रेरित गर्ने धरोहर हो ।

## रामग्रामको बौद्ध तीर्थाटन

तेस्रो शताब्दीका मौर्य सम्राट् अशोकले रामग्राम स्तूपको दर्शन गर्न र स्तूपमा रामग्रामका कोलियहरूले पूजा गरिरहेको अस्थी धातुको केही भाग आफूले सङ्कलन गर्ने पवित्र उद्देश्यका साथ रामग्रामको भ्रमण गरेका थिए । विभिन्न निकायहरूसँग सम्बन्धित बौद्ध साहित्यहरू, बुद्धधर्मभित्र विभिन्न कालखण्डमा विकसित भएका परम्पराहरूले बुद्धलाई एक मानवीय गुणसहित विविध खालका परामानवीय गुणहरूले विभूषित दिव्य सत्वको रूपमा स्वीकार गरेको पाइन्छ । सम्यक् सम्बुद्ध मात्र नभएर बौद्ध अभ्यासलाई आफ्नो आध्यात्मिक पथको रूपमा अङ्गीकार गर्ने श्रावकयानीय प्रणाली अवलम्बन गरी लोकोत्तर चित्तोत्पाद गर्दै अगाडि बढेका स्रोतापन्न, सक्रिदागामी, अनागामी, अर्हत् एवं महायानीय पद्धति अनुरूप अभ्यास गरी दर्शन मार्ग हुँदै महायानको प्रथम भूमिदेखि उच्च भूमि आरोहण गर्ने बोधिसत्वहरूलेसमेत आफ्नो गहिरो अधिगमको प्रमाण स्वरूप अलौकिक

चर्याहरू, दिव्यशक्तिहरू प्रर्दशन गरेका उदाहरणहरू प्रशस्त पाइन्छन् । यी सबै आर्यसत्वहरूको परिनिर्वाणपश्चात् अस्थी-धातु राखी बनाइएका स्तूपहरूलाई आध्यात्मिक साधनाको रूपमा प्रयोग गर्ने परम्परा स्वयं बुद्ध जीवित हुँदा देखि नै अवलम्वन गर्दैआएको पाइन्छ । नेपालको दक्षिणी तराई भू-भागलगायत बुद्धकालीन भारतीय, विशेष गरी मध्यदेश भनौँ या अहिलेको विहार, उत्तरप्रदेशका विभिन्न स्थानमा अर्हत्‌हरूका, बुद्धहरूका अस्थी-धातु राखिएका स्तूपहरू यत्रतत्र थिए भन्ने तथ्य विवादरहित विषयवस्तु बन्न पुगेको छ । कपिलवस्तु, देवदह, रामग्राममा सम्पन्न भएका विभिन्न पूरातात्विक उत्खननहरूले स्तूपहरूको अस्तित्वलाई वैज्ञानिक रूपमा प्रमाणित गरेको छ । बौद्ध साहित्यमा बुद्धलगायत अर्हतहरूका स्तूपहरूको दिव्य क्षमता/अलौकिक महत्वलाई विशेषरूपमा चर्चा गरेको पाइन्छ । रामग्रामको अस्थी-धातुको दिव्य आध्यात्मिक महत्व, अलौकिक क्षमता बारेमा बौद्ध परम्पराहरूले विशेष महत्व दिएको पाइन्छ । आज पनि श्रीलङ्का, थाइल्यान्ड, जापान, हिमाली भू-भागका मानिसहरू उच्च श्रद्धा व्यक्त गर्दै उक्त ठाउँमा ध्यानका लागि प्राथमिकता दिँदै घण्टौं ध्यानमा बसिरहेको देख्न सकिन्छ ।

रामग्राम जस्ता स्थानहरूले चैत्य-प्रतिहार्य देखाउन सक्ने आध्यात्मिक महत्वका स्थान हुन् भन्ने सन्दर्भलाई तार्किक, प्रमाणिकरूपमा मिलिन्द प्रश्न ग्रन्थले उल्लेख गरेको छ । अफ्र स्मिथका अनुसार ई.पू. १६० ताका राजा मिलिन्द र बौद्ध भिक्षु नागसेनका बिचमा भएको तार्किक शास्त्रार्थमा स्तूपहरूको अलौकिक क्षमता बारे बहस गरिएको छ (शोभन २०५) । यो बहसमा देवता, मनुष्य र सर्वसत्वमाथि अनुकम्पा गरी बुद्धहरू तथा अर्हत्‌हरूद्वारा अधिष्ठान गरेका स्तूपहरू अलौकिकरूपमा महत्वपूर्ण हुन्छन्, पुण्यसञ्चयका लागि महत्वपूर्ण कारक बन्छन् भन्ने तथ्यलाई प्रकाशित गरिएको छ । मनुष्यमात्र नभएर रामग्रामको स्तूपलाई नागहरूलेसमेत उच्च प्राथमिकता दिएका थिए । महापरिनिर्वाण सूत्रमा भगवान् बुद्ध स्वयंले अस्थी-धातु राखी स्तूप बनाउनु भन्दै स्वयंले अधिष्ठित गरी, पूजा गरी चित्त प्रसन्न पार्न, परिक्रमा गर्न निर्देशन दिएका थिए । अस्थी-धातुको दर्शनलाई चिनियाँ बौद्ध परम्पराहरूलेसमेत प्राथमिकता दिएको पाइन्छ । त्यसकारण नै पाँचौ शताब्दीका लुम्बिनी कपिलवस्तुको भ्रमण गर्ने तीर्थयात्री फासियान र युआनचाङ्ग दुवैले कोलियनगरमा स्थापित रामग्राम स्तूपको भ्रमण गरेका थिए । फाशियानले लुम्बिनीबाट पाँचयोजन पूर्वमा रामग्राम रहेको कुरा उल्लेख छन् । उनको भ्रमण ताका यो ठाउँ निकै उपेक्षित अवस्थामा देखेका थिए । उनले स्तूप वरिपरी रुखहरू झाडीले ढपक्क पारेको देखेका थिए (श्रीवास्तव १५) । शाक्यमुनि बुद्धको अस्थी-धातु राखी बनाइएको रामग्राम स्तूपको दर्शन गर्ने पहिलो आर्यश्रावक महाकाश्यप स्थिविर थिए । भगवान् बुद्धको महापरिनिर्वाणपश्चात् बुद्ध शासनलाई नेतृत्व गर्ने यी महास्थिविरको अध्यक्षतामा बौद्ध इतिहासमा पहिलो धर्म संगायन सु-सम्पन्न भएको थियो । कुशिनगरबाट मगध राज्यको भागमा परेको अस्थी-धातु लिएर महाकाश्यप आफैले राजा अजातशत्रुलाई प्रदान गरेका थिए (ञाणपुनिक र हेलमुथ १३१) । जापान, चिन, कोरिया आदि जस्ता देशमा सर्वाधिक प्रचलित जेन परम्पराको परम्परावाहक गुरुका रूपमा महाकाश्यपलाई लिएको पाइन्छ ।

यो सम्मेलन बुद्धको परिनिर्वाणको तीन महिनापश्चात् बुद्धले ४५ वर्षसम्म विभिन्न सत्वहरूको रुची, अभ्यास, क्षमता अनुरूप प्रदान गरीएका ८४००० धर्मस्कन्धहरूको सङ्कलन गरिएको ऐतिहासिक अवसर थियो । गुरुरूपी बुद्धबाट आफ्ना श्रावक र वोधिसत्व शिष्यहरूलाई आफूले अधिगम गरेको धर्म, महाकाश्यप, आनन्द, उपगुप्त जस्ता शिष्यहरूको अगुवाईमा सयौं अर्हत्वपद साक्षात्कार गरेका शिष्यहरू माझमा एक-एक गरी छलफल, विमर्श पश्चात् ती ८४००० धर्मस्कन्धको मूल अभिप्रायलाई जस्ताको तस्तै संरक्षण गरिएको थियो । यो

ऐतिहासिक अभिभारा सम्पन्न पछि त्यस बेलाका श्रावक संघका नामक महाकाश्यप स्थविरले प्राथमिकता दिएको विषयवस्तु भगवान्‌को अस्थी-धातु राखिएका स्तूपहरू दर्शन गरेका थिए । यही दर्शनको श्रृंखलामा महाकाश्पयले रामग्राममा कोलिय राजाहरूले स्थापना गरिएको स्तूपको दर्शन गरेका थिए ।

महाकाश्यप पछि रामग्रामको तीर्थाटन गर्न उच्च पदस्थ व्याक्तित्वमा मौर्य सम्राट् अशोक पर्दछन् । राजा अशोक केवल अस्थी-धातु लिन मात्र रामग्राम आएका थिए भन्ने भनाई सतही विश्लेषण मात्र हुने देखिन्छ । बौद्ध इतिहासमा बुद्धको अस्थी-धातु पूजा गर्ने श्रद्धावान् राजाको नाम लिनु पर्दा राजा अशोक सबभन्दा अग्र पंक्तिमा आँउछन् । मञ्जुश्री मूलकल्प भन्ने ग्रन्थले यो कुरालाई प्रमाणित गरेको छ । यो ग्रन्थमा उल्लेख भए अनुसार राजा अशोक १०० वर्ष बाँचेका थिए । आफ्ना जीवनका झण्डै ८७ वर्ष त स्तूपको पूजामा निरन्तर बिताएका थिए (स्ट्रङ १२४ ) ।

रामग्राम स्तूपको बुद्धको अस्थी-धातुको निरन्तर संरक्षण र पूजा गर्ने को थिए भन्ने सन्दर्भमा बुद्धका प्रमुख शिष्य महाकाश्यप र त्यसको झण्डै २०० वर्षपछि राजा अशोकले पनि नागहरूलाई नै उदृत गरेको पाइन्छ । दुवैले रामग्राम स्तूपको केही अंश पूजा गर्ने अभिप्रायले लैजान खोजेको तर उच्च सम्मान र विधि विधानपूर्वक पूजा गरिरहेका नागहरूको अनुरोध र श्रद्धालाई दुवै ऐतिहासिक व्यक्तित्वहरूले उच्च आदर गरेको पाइन्छ । बौद्ध परम्परामा नागहरू, यक्षहरू, कुमाण्ड, विभिन्न लोकमा वस्ने देवताहरूले बुद्धको शरणगमन गरी ध्यान अभ्यास गर्दे गरेका अनेकन् प्रमाणहरू पाईन्छन् । दीघ निकाय महापरिनिब्बान सुत्तमा -पुरूषोत्तमको अस्थी-धातु नागराजाले पूजा गर्छन्, *"एकं च दोणं पुरिसवरूत्तमस्स रामग्रामे नागराजा महेन्ति"* भन्ने प्रसङ्ग पाइन्छ (उपाध्याय २८६) । बुद्धले गृधकुट पर्वतमा सबै धर्महरूको परमार्थस्वरूप शून्यतालाई दोस्रो धर्मचक्रमा देशना गरेका थिए । यो नै धर्मचक्रप्रवर्तनमा प्रज्ञापारमिता आदि सूत्रहरूको देशना हो (नेगी २) ।

यो सूत्रलाई नागलोकमा लगेर नागहरूले संरक्षण गरेको पाइन्छ । यो सूत्रलाई आचार्य नार्गाजुनले नागलोकमा प्रवेश गरी निधि उपदेशका रूपमा जम्बूद्विपमा प्रचार गरेको मानिन्छ । बुद्धले बोधगयामा सम्यक् सम्वोधिपश्चात् ध्यानको गहिराइमा डुबेर आध्यात्मिक चिन्तनमा लिन भएको बेलामासमेत नागहरूले उहाँलाई सुरक्षा दिएको प्रसङ्गलाई बौद्ध प्रणालीले अभिलिखित गरेको पाइन्छ । यी सबै प्रसङ्गबाट रामग्राममा भएको बुद्धको अस्थी-धातुलाई नागहरूले पूजा र संरक्षण गरेको प्रसङ्गलाई उपेक्षा गरी एउटा स्नृत्यभिलेख रूपमा यो प्रसङ्गलाई हल्का ढङ्गबाट लिनु युक्ति संगत देखिँदैन ।

बुद्धको महापरिनिर्वाणपछि रामग्रामका कोलियहरूले प्राप्त गरेको अस्थी-धातु मनुष्यको संरक्षण हुँदै अन्ततोगत्वा पानीमुनि बासस्थान गर्ने नागहरूको अधिनमा पुगेको थियो । यसपछि मात्र यो स्तूपमा रहेको अस्थी-धातु सर्वसाधारण मनुष्यको सजिलै दर्शन गर्न सक्ने पहुँचबाट टाढा पुगेको थियो । राजा अशोक वैशाली, कपिलवस्तु, पावा, अलकप्प, वेठद्वीप अनि कुशीनगरमा खडा गरिएका अस्थी-धातको दर्शन, पूजा र केही अंशको सङ्कलन गर्दे अन्तमा कोलियहरूको अंशमा परेको रामग्राम स्तूपमा अन्तिम पटक पुगेका थिए (स्ट्रङ १२४ ) ।

राजा अशोकलाई रामग्राम स्तूप तलको जमिन मुनि नागहरूले संरक्षण गरेको दरबारभित्र प्रवेश गर्नलाई नागहरूले संरक्षण सजिलै अनुमति प्रदान गरेका थिए । उनको यो भ्रमणको उल्लेखनीय पक्ष उजागर गर्दे रामग्राम स्तूप नै त्यो बेलाका अस्थी-धातुस्तूपमा सबैभन्दा बढी सम्मानित, अन्यत्र भन्दा श्रद्धा र विशेष पूजा सत्कार गरिरहेको अवस्थामा पाएका थिए । बुद्धको अस्थी-धातुप्रति नागहरूको झुकाव, अविचलित श्रद्धालाई प्राथमिकता दिएर

रामग्रामबाट अस्थी-धातुको कुनै पनि अशंलाई आफूलाई सङ्कलन नगर्ने निर्णय गरेका थिए (ऐजन पृ १२७)।

अन्ततोगत्वा अशोक द्रोण स्तूपहरू मध्ये जम्मा ७ वटा स्तूपवाट अस्थी-धातु सङ्कलन गरी उनको राजधानी पाटलीपुत्र फर्केका थिए । अशोकावदानमा सङ्ग्रह गरिएको एउटा श्लोक उद्यृत गर्दै अस्थी-धातु सम्बन्धमा सबैभन्दा गहिरो अनुसन्धान गर्ने जोन स्ट्रङले रामग्रामको स्तूपलाई आठौं स्तूप माग्दै नागहरूले उच्च श्रद्धा, भक्तिपूर्वक पूजा र अर्चना गरिरहेको हुनाले अशोकले त्यँहाको अस्थी-धातुबाट कुनैपनि अंश ननिकालेको तथ्यलाई स्पष्ट पारिएको देखिन्छ।

## उपसंहार

रामग्राम स्तूप र अस्थी-धातुलाई केन्द्रमा राखेर यो ठाँउको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं आध्यत्मिक महत्वलाई बहुस्रोतका आधारमा वस्तुनिष्ठ विश्लेषण गर्नु यो लेखको उद्देश्य रहेको छ। रामग्राम बृहत् लुम्बिनीक्षेत्रको एउटा महत्वपूर्ण अंश हो र यो नेपाली बौद्ध संस्कृतिको एउटा अभिन्न धरोहर हो । इतिहासको गर्भमा लुकेको रामग्राम स्तूप आधुनिक युगमा पत्ता लागिसकेपछि संसारभरि फैलिएका बौद्धहरू र बौद्ध अध्ययनका अध्येता, अनुसन्धानकर्ताहरूको यथेष्ट ध्यानाकर्षण भएतापनि बृहत् रूपमा उत्खनन् सम्पन्न गर्ने पुरातात्विक अवशेषहरूको वैज्ञानिक ढङ्गबाट संरक्षणका लागि तत्काल पहलकदमी लिने, झराई नदीलगायतका प्राकृतिक स्रोतहरूलाई सुन्दरीकरण गर्दै यो सम्पदाको विपुल आध्यात्मिक महत्वलाई संसारसामु प्रस्तुत गर्नुपर्ने आवश्यकता देखिएको छ।

विशेषतः विश्वबौद्ध समुदाय नेपालको राजनीतिक भूगोलभित्र रहेको यो कालजयी धरोहरको जीवन्तता, गतिशिलता एवं बौद्ध वातावरणसहितको संरक्षणको पर्खाइमा छ । शाक्यमुनिको परिनिर्वाणसंगै बहुसंख्यक बौद्ध तिर्थालूको रोजाइमा रहेको यो स्थललाई सुन्दरीकरण गर्न यसको आर्कषकतालाई बौद्ध मौलिक शैली अनुरूप संरक्षण गर्न र धार्मिक पर्यटनमार्फत् नेपाल र नेपालीको अधिकतर हितमा लाभ लिदै विश्व आध्यात्मिक पर्यटनको एउटा महत्वपूर्ण हिस्साका रूपमा विकास गर्न आवश्यक देखिन्छ । अर्कोतर्फ नेपाली भूगोलको प्रामाणिक ईतिहास वास्तवमै लुम्बिनी, कपिलवस्तु, रामग्रामसँग जोडिएकोले यो एउटा जीवन्त, ऐतिहासिक, सांस्कृतिक, आध्यात्मिक धरोहर हो भन्ने तथ्य हरेक नेपालीले बुझ्ने गरी प्रचारप्रसार हुन नसकेको पाइएको छ।

हरेक स्थानको आफ्नै विशिष्टता हुन्छ। जसरी पशुपतिनाथ, मुक्तिनाथ, जनकपुर नेपालका राष्ट्रिय धरोहर हुन् , त्यसैगरी लुम्बिनी क्षेत्रमा अवस्थित रामग्राम स्तूप नेपाली राष्ट्रिय संस्कृतिको महत्वपूर्ण धरोहर हो। यद्यपि यो

तथ्य नीतिगत द्धरुपमा स्थापित भएको छ।

## सन्दर्भ सामग्री

उपाध्याय, भरतसिंह, *बुद्धकालीन भारतीय भूगोल,* हिन्दी साहित्य सम्मेलन, २००९ ।

कुमारदास, संजीव, अनुवादक, *सूत्रसमुच्चय (आचार्यनागार्जुन विरचत),* केन्द्रीय तिब्बती अध्ययन विश्वविद्यालय, २०१२ ।

गिरी, गीतु, *लुम्बिनीको इतिहास,* लुम्बिनी इन्टरनेशनल रिसर्च इन्स्टिटिच्युट, २०१० ।

नेगी, वङ्छुग दोर्जे, *वज्रयान दर्शन एवं साधना,* केन्द्रिय उच्च तिब्बती शिक्षासंस्थान, १९९८ ।

बिडारी, वसन्त, *कपिलवस्तुः द वर्ल्ड अफ सिद्धार्थ,* प्रकाशन स्वयं, २००७ ।

वज्राचाय, दुण्ड वहादुर, अनुवादक, *मज्झिम निकाय,* वीरपूर्ण पुस्तकालय, विं सं २०५७ ।

---, *दीघ निकाय,* वीरपूर्ण पुस्तक संग्रहालय, विं सं. २०५६ ।

भिक्षु अमृतानन्द, *बुद्धकालीन ब्राह्मण भाग १,* वीर-पूर्ण पुस्तक सङ्ग्राहालय, २०७५ ।

भिक्षुणी धम्मवती, *संक्षिप्त बुद्ध वंश,* धर्मकीर्ति प्रकाशन, वि.सं. २०७१ ।

भिक्षु शोभन, *मिलिन्द-प्रश्न,* वीर-पूर्ण पुस्तक संग्रहालय, वि.स. २०६१ ।

राणा, श्रीधर, *उपोद्‌घात,* व्योम कसुमा बुद्धधर्म संघ, वि. सं. २०६९ ।

शाक्य, मिलन, अनुवादक, *दाग्पोका चार धर्म,* ठङ्ग धर्माकर पब्लिकेशन, २०२९ ।

श्रीवास्तव, कौशलेन्द्र, *रामग्रामको ऐतिहासिक परिचय,* रामग्राम नगरपालिका, १९९८ ।

सम्यक सम्वोधि, प्राणपुत्र, *सम्यक सम्बुद्ध,* सुखी होतु नेपाल, वि.सं। २०६० ।

Kloetzli, H. Randolph. *Buddhist Cosmology*. Motilal Banarasidass Publishers 1983.

Ray, A. Reginald. *Buddhist Saints in India*. Oxford University Press, 2012.

Strong, John S. *Relics of Buddha*. Motilal Banaridass, 2007.

Thera, Nyanaponika, and Hecker Hellmuth. *Disciples of the Buddha*. Buddhist Publication Society, 2003.